annapurnapost.com
अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ७२ पृष्ठ ८ | काठमाडौं, बिहीबार २७ असार २०८१ | आषाढ शुक्लपक्ष षष्ठी, नेपाल संवत् ११४४ | THURSDAY, JULY 11, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# असार मसान्तको मुखैमा रोकियो भुक्तानी

## व्यवसायी कार्यालय चहार्दै, श्रमिकहरू व्यवसायीको घर घेर्दै

योजना सम्पन्न गरेर पनि असार मसान्तको मुखैमा भुक्तानी माग्दा नपाएपछि लुम्बिनी प्रदेशका १२ वटै जिल्लाका निर्माण व्यवसायीहरूको बेहाल भएको छ । प्रदेश र संघीय सरकारको अदूरदर्शिताले गर्दा व्यवसायीहरूलाई मानसिक र आर्थिक पीडा थपिएको छ । प्रदेश सरकारले करिब दुई अर्ब रुपैयाँ भुक्तानी दिन सकेको छैन । त्यसको असर काममा लगाउने कार्यालयलाई समेत परेको छ । व्यवसायीहरू दिनहुँ कार्यालय घेर्न पुग्छन् । मजदुरहरू व्यवसायीको घर घेर्न पुग्छन् । जसको फोन आए पनि साहुकै जस्तो लाग्ने गरेको निर्माण व्यवसायीहरूको गुनासो छ ।

समाचार पृष्ठ २

केशरराज क्षेत्री | *बुटवल*
– को रिपोर्ट




### कमजोरी के-के ?

- समयमै सकिन्छ योजना, हुँदैन भुक्तानी
- असार मसान्तकै मुखमा समस्या
- करिब दुई अर्ब भएन भुक्तानी
- हजारदेखि करोडको भुक्तानी रोकियो
- मानसिक पीडामा व्यवसायीहरू
- सरकारको आलोकाँचो काम
- देखिएन संवेदनशिलता
- व्यवसायी सोध्छन्, पैसा नभए किन गर्ने टेन्डर ?
- मजदुरले घेर्न थाले घर
- व्यवसायीले घेर्न थाले कार्यालय
- जसको फोन आए पनि लाग्छ साहुकै जस्तो
- लुम्बिनी प्रदेशको महत्वाकांक्षी योजना
- मन्त्री बस्ने मन्त्रालयलाई फालाफाल बजेट
- जनताका योजनालाई छैन
- वित्तीय समानीकरणको आएन बजेट
- सरकारको विश्वसनीयतामाथि गम्भीर प्रश्न
- कार्यालय प्रमुख भन्छन्, व्यवसायीलाई काममा कसरी गर्ने ताकेता ?

## मर्ज घोषणा भएको विद्यालय जिल्लामै उत्कृष्ट



कृष्ण थापा

इजलास

विद्यार्थी नभएर र एसएलसीमा नतिजाविहीन हुँदै गएपछि २०६८ सालमा तानसेनको देववाणी संस्कृत तथा साधारण माध्यमिक विद्यालयलाई तत्कालीन जिल्ला शिक्षा अधिकारीले मर्ज गर्ने प्रस्ताव ल्याए। म नेपाल राष्ट्रिय शिक्षक संगठन पाल्पाको जिल्ला उपाध्यक्षका रूपमा बैठकमा सहभागी भएको थिएँ। बैठकमा मलाई भित्रैदेखि जोश जागर आयो र एक बर्षमै सुधार गरेर देखाउने प्रतिबद्धता गरेँ।

सुधार गर्ने योजनासहित अर्को विद्यालयबाट २०६८ साल फागुन १ गते सरुवा भएँ। विद्यालयमा आउँदा २० जना विद्यार्थी मात्र थिए। २०६९ सालको शैक्षिक सत्रमा सबै शिक्षकले आआफ्ना छोराछोरीलाई आफूले पढाउने विद्यालयमा भर्ना गरियो। तिनै छोराछोरीलाई देखाउँदै विद्यार्थी खोज्न घरदैलो गरियो। सोही वर्ष सयभन्दा बढी विद्यार्थी भर्ना गर्न सफल भयौं। पहिलो वर्ष २०६९ सालमा ३८ जनामध्ये १८ जना विद्यार्थीलाई एसएलसीमा पास गराउन सफल भयौं। २०७४ सालको एसईई नतिजामा विद्यालयले ३.९५ जीपीए ल्यायो। २०७४ सालपछि विद्यार्थी खोज्न कहीँ कतै जान परेको छैन। विद्यार्थी र अभिभावकको अनुरोधमा यस वर्षदेखि कक्षा ११ सञ्चालन गरेका छौं।

हाम्रो विद्यालयमा पढाउने, सिकाउने तरिका बेग्लै छ। सबै विद्यार्थीको व्यक्तिगत प्रोफाइल बनाएको छ। प्रत्येक महिनाको अन्तिम दिन १ बजेपछि विद्यार्थीको प्रोफाइल समीक्षा हुन्छ। शिक्षकको इच्छा शक्ति भएमा, विद्यालय सुधार गर्न सकिन्छ भन्ने अनुभव मिलेको छ।


*(थापा तानसेनको देववाणी संस्कृत तथा साधारण माध्यमिक विद्यालयका प्रधानाध्यापक हुन् ।)*

# शुल्क तिरेकालाई पुनः तिर्न पत्राचार गरेपछि ग्राहकमा रडाको

शिव उप्रेती | *गोरखा*

योगेन्द्र प्रधानको हातमा जब खानेपानीको लाइन जडान गरेको शुल्क नतिरेकाले तुरुन्त तिर्न, नत्र लाइन काटिने चेतावनीसहितको पत्र पुग्यो तब उनी छाँगाबाट खसेजस्तै भए। गोरखा नगरपालिका-७ धारापानीका प्रधानले संस्थाको प्रचलित नीति, नियम सबै पूरा गरी २०७७ साल कात्तिकमा ४७ हजार रुपैयाँ तिरेर धारा जडान गरेका थिए।

उनलाई खानेपानी कार्यालयले शुल्क तिरेको भए १० दिनभित्र प्रमाण पेस गर्न, नगरे लाइन काट्ने चेतावनी सहितको पत्र पठायो। पत्र पाएको १० मिनेटभित्रै उनी कार्यालयमा पुगेर कर्मचारीको झाँको झारे। 'जडान शुल्क नतिरी कसैको पनि धारा जडान नगर्ने संस्थाको नियम छ। हामीले शुल्क नतिरेको भए कसरी जडान भयो ?', उनी जंगिए, 'हामीले शुल्क तिरेरै जडान गरेका हौं। शुल्क लिने कर्मचारी पनि हाम्रै चिनेजानेको मान्छे हो। पाँच वर्षपछि प्रमाण लिएर नआए लाइन काट्छौं भन्न पाइन्छ ? अभिलेख हराउनु, आन्तरिक गडबड हुनु त संस्थाको जिम्मेवारीको कुरा हो नि ! हामी निर्दोष ग्राहकलाई अनावश्यक तनाव किन दिन्छ समितिले ?'



द.नं.: १२३/०६०, पान नं.६०१७४३९१३
पृथ्वीनारायण साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था
गोरखा, २०६०

प.सं.: २०८०।०८१
च.नं.: १५१
मिति: २०८१।०३।१७

श्रीमान् ...[illegible]... ज्यू,
गो.न.पा. ...[illegible]...
गोरखा ।

बिषयः कार्यालयमा उपस्थित हुने बारे ।

महोदय,
उपरोक्त सम्बन्धमा यस पृथ्वीनारायण साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संग यहाँले मिति ...[illegible]... मा धारा जडान गर्नु भएकोमा उक्त नयाँ धारा जडान गरे बापत संस्थाको नियमानसार बुझाउनु पर्ने रु ...[illegible]... अक्षरुपी ...[illegible]... संस्थाको अभिलेखमा हुनु पर्नेमा उक्त रकम अभिलेखमा नदेखिएको हुनाले सो रकम बुझाउनु भएको सप्रमाण सहित पत्र प्राप्त भएको मितिले दश (१०) दिन भित्रमा पानी महशुल संकलन कार्यालयमा उपस्थित हुनु हुन हार्दिक अनुरोध गर्दछौं । अन्यथा धाराको लाइन काटिने ब्यहोरा समेत जानकारी गराउँदछौं ।

ग्राहकलाई संस्थाले पठाएको पत्र र ग्राहकले पहिले नै तिरिसकेको शुल्कको रसिद ।

गोरखा नगरपालिका-८ का कृष्णकुमार श्रेष्ठको हातमा पनि उस्तै पत्र पुग्यो। चिठी पाएपछि उनी तिनछक्क परे। किनभने उनले सो संस्थाको कार्यालयमा गएर जडान शुल्क ४७ हजार रुपैयाँ तिरेर पानी जडानका लागि निवेदन दिएका थिए। काउन्टरका दुवै जना उनीहरूसँग पुरानै चिनेजानेका कर्मचारी थिए। संस्थाका रितभाँत पुऱ्याएर पानी जोडेको पाँच वर्षपछि अहिले लाइन काट्ने चेतावनीसहितको पत्र पाएपछि उनी तनावमा परेका छन्।

यी दुई त नमुना मात्र हुन्। गत शुक्रबारदेखि सो समितिले आफ्ना १७० जनाभन्दा धेरै ग्राहकको हातमा यस्तो चिठी थमाएको छ। प्रचलित शुल्क तिरेर जडान गरेको धाराको पनि अहिले अभिलेख नभेटिएको भन्दै पत्राचार गरेपछि ग्राहकहरूमा हल्लीखल्ली मच्चिएको छ।

» बाँकी पृष्ठ ६

## सिंगापुरले सन् २०२५ मा नयाँ डिजेल कार दर्ता बन्द गर्ने



सिंगापुर (सिन्ह्वा) : सिंगापुरले आफ्नो स्वच्छ ऊर्जा दृष्टिलाई समर्थन गर्न सन् २०२५ देखि नयाँ डिजेल कार र ट्याक्सी दर्ता गर्न बन्द गर्ने भूमि यातायात प्राधिकरण (एलटीए) ले जनाएको छ।

यसैबीच, डिजेल कार मालिकहरूले आफ्नो हकदार प्रमाणपत्र नवीकरण गर्न सक्ने तर नवीकरणलाई निरुत्साहित गर्न उच्च सडक करको अधीनमा हुनेछ। प्रतिबन्धहरू क्लासिक वाहन योजना र भिन्टेज वाहन योजनाअन्तर्गत कारहरूको आयात र दर्तामा लागू नहुने एलटिएले उल्लेख गरेको छ। सिंगापुरले जलवायु परिवर्तनसँग जुध्न सन् २०५० सम्ममा 'नेट जिरो' सम्म पुग्ने प्रतिबद्धता जनाएको छ।

# अन्नतः मृत्युदण्डबाट जोगिए रामआशिष

सलमान खान | *भैरहवा*

धनुषा जनकपुरधाम-१७ कनकपट्टीका रामआशिष यादव परिवारमा तीन छोरी र श्रीमती छन्। जेठी आरतीकुमारी यादव १८ वर्ष, माइली पूजाकुमारी यादव १५ वर्ष र कान्छि सञ्जुकुमारी १० वर्षकी भइन्। जेठी आरतीलाई मात्र बुवा रामआशिषको अलि-अलि सम्झना छ। बुवा वैदेशिक रोजगारीका लागि साउदी अरब गएको दशक भयो। तर, फर्किएका छैनन्। अन्य साथीहरूको बाबाले विदेशबाट नयाँ लुगा, मिठाई, खेल्ने सामग्री ल्याउँदा तीनै जना छोरीहरूको मन कटक्क पोल्छ। र, आमालाई सोध्छन्, 'आमा, आमा, हाम्रो बाबा कहिले आउनुहुन्छ ?' अनुत्तरित आमा मनमा ढुंगा राखेर बालमनोविज्ञानलाई बुझ्दै सधैं एउटै जवाफ फर्काउँछिन्, 'छिट्टै आउनुहुन्छ।'

यादव परिवार आर्थिक अवस्थाले थलिएपछि रामआशिष घरको गुजारा चलाउन लेबरको काममा साउदी अरब बिदेसिए। बिदेसिनका लागि पनि उनले २ लाख रुपैयाँ ऋण लिनुपर्‍यो। रूपन्देहीको कंचन गाउँपालिका-४ का दुर्गाप्रसाद शर्मा पनि रोजगारीका लागि साउदी पुगे। दुवै जनाबीच चिनजान त थिएन्। तर, संयोगले दुवै साउदीको ताबुकस्थित एउटै कम्पनीमा काम गर्न पुगे।

एउटै कोठामा बसेर काम गर्न थाले। करिब ६ वर्षअघि सन् २०१८ अक्टोबरमा मादक पदार्थ सेवन गरी दुवै जनाबीच झगडा भयो। र, यादवले छुरा प्रहार गरी शर्माको हत्या गरे। साउदी प्रहरीले कर्तव्य ज्यान मुद्दामा यादवलाई पक्राउ गऱ्यो। प्रहरीले पक्राउ गरेको ६ महिनापछि मात्र घरमा खबर पुग्यो। ताबुकस्थित क्रिमिनल कोर्टले सन् २०२० डिसेम्बर २० मा पब्लिक राइटअन्तर्गत यादवलाई मुद्दामा दोषी ठहराउँदै पाँच वर्ष र मादक पदार्थ उत्पादन, बिक्री तथा सेवन गरेको अभियोगमा थप एक वर्ष गरी ६ वर्षको जेल सजायको फैसला सुनायो।



दाताको सहयोगले रामआशिष यादव फर्किने भएपछि खुसी हुँदै यादव परिवार। साउदी जेलमा रहेका रामआशिष यादव (इन्सेटमा) ● अन्नपूर्ण

यादवले जेल सजाय भुक्तान गरिरहेका छन्। यो विषय त्यहाँको राजदूतावासमा पुगिसकेको थियो। त्यसपश्चात् साउदीको जेद्दास्थित नेपाली कन्सुलेट जनरलले कन्सुलर सेवा विभागमार्फत प्राइभेट राइटअन्तर्गत पीडकलाई साउदीको कानुन अनुरूप अधिकतम सजाय (मृत्युदण्ड सम्मको) को दाबी गर्ने वा क्षतिपूर्ति सहितको माफीमा मन्जुरीनामा दिने भन्दै रूपन्देहीमा रहेको मृतक परिवारसँग निर्णय माग्यो। मृतक परिवारले पीडक परिवारसँग सम्पर्क नरहेकाले निर्णय लिन नसकिएको जवाफ दियो। त्यसपछि जनरलबाट जेलमा रहेका यादवलाई भेट गर्न कर्मचारी पठाइयो। भेटमा जनरलको तर्फबाट पीडक परिवारले मृतक परिवारसँग छलफल गरी सहमतिमा माफीको रकम तोक्न सके दुवै पक्षलाई हित हुने यादवलाई सुझाइएको थियो।

कुराकानीसहितको घटना विवरणबारे उल्लेख गर्दै नेपाली कन्सुलेट जनरलबाट मृतक र पीडक पक्षका परिवारसँग आवश्यक समन्वय गरेर महावाणिज्य दूतावासलाई आवश्यक कागजात पठाइदिने भन्दै कन्सुलर सेवा विभागलाई बोधार्थ दिँदै परराष्ट्र मन्त्रालयलाई पत्राचार भयो।

पीडित परिवारका मामा ससुरा पर्ने प्रभु यादवका अनुसार कन्सुलर सेवा विभागमार्फत मृतक पक्षसँगको छलफलमा माफी रकम (ब्लड मनी) ७० लाख रुपैयाँ माग भएपछि दिन सक्ने अवस्था रहेन। त्यसपछि भान्जा ज्वाइँ फर्किने आशा मारेर उनी जनकपुर फिर्ता भए।

पटक-पटकको छलफलमा पनि 'ब्लड मनी' मा कुरा मिलेन। यादव परिवारको सम्पूर्ण जायजेथा बेचेर पनि त्यति रकम दिने अवस्था थिएन्। जसका कारण उनीहरू आशा मारेर बसे। कुराकानी नमिलेपछि जनरलको पत्र संलग्न गरी विभागले जिल्ला प्रशासन कार्यालय रूपन्देहीलाई ०८० चैत १२ गते घटनाबारे जानकारी पत्र पठायो। प्रशासन कार्यालयले जनताको दैलोको सरकार र सुःख, दुःखमा साथ उभिने भएकाले आवश्यक सहजीकरण र सहयोग हुने अपेक्षासहित कंचन गाउँपालिका-४ को कार्यालयलाई पत्राचार गऱ्यो। वडा कार्यालयले 'केही गर्न नसक्ने' आशयको जवाफ फर्कायो।

» बाँकी पृष्ठ ६